गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
कुश्मा, पर्वत, नेपाल


# जनस्वास्थ्य बुलेटिन

**वर्ष: ४** **अंक: २९** **महिना: २९** **असार २०८३**

**प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा असार महिनामा सम्पादित कार्यक्रम**

## मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामका लागि संचारकर्मीलाई संवेदनशील रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा मिति २०८३/०३/०२ गते "मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामका लागि संचारकर्मीलाई संवेदनशील रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम" सम्पन्न भएको छ। कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतका कार्यालय प्रमुख श्री बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल, पर्वतका मेडिकल अधिकृत डा. सलिना पौडेल र प्रदेश जनस्वास्थ्य कार्यालयका ज.स्वा.अ. सन्देश पोख्रेलले गर्नुभएको थियो | संचारमाध्यमले जनमानसमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले मानसिक स्वास्थ्य तथा आत्महत्या जस्ता संवेदनशील विषयमा जिम्मेवार तथा संवेदनशील रिपोर्टिङको अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्यले उक्त कार्यक्रम संचालन गरिएको हो। साथै, मानसिक स्वास्थ्यसम्बन्धी सकारात्मक सन्देश प्रवाह गर्ने, आत्महत्यासम्बन्धी गलत धारणा न्यूनीकरण गर्ने, जोखिममा रहेका व्यक्तिहरूलाई सहयोग खोज्न प्रेरित गर्ने तथा संचारकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्य कार्यक्रमको रहेको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघ, पर्वत शाखासँग आबद्ध विभिन्न संचार माध्यममा कार्यरत १६ जना संचारकर्मीहरूको सहभागिता रहेको थियो |










## परिवार योजना किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समिक्षा एवं परिवार योजना सुदृढीकरण (Fp Data Pro ) सम्बन्धी अभिमुखिकरण कार्यक्रम

मिति २०८३/०३/०४ देखि ०६ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा परिवार योजना किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समिक्षा एबम परिवार योजना सुदृढीकरण (Fp Data Pro ) सम्बन्धी अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय,पर्बतको तालिम हलमा सम्पन्न भएको छ। पर्वत जिल्लाका सात वटै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख परिवार योजना कार्यक्रम फोकल पर्सन, तथ्यांक हेर्ने कर्मचारी ,परिवार नियोजन सेवा प्रदायक स्वास्थ्यकर्मी गरि १८ जनाको सहभागितामा संचालन गरिएको थियो भने कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो।३ दिन सम्म संचालन भएको उक्त कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका पब्लिक हेल्थ निरिक्षक श्री सुमन शर्मा,तथ्यांक सहायक रामचन्द्र सुवेदी ,स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश पोखराका बरिस्ठ तथ्यांक अधिकृत श्री दिवाकर शर्मा र प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन फोकल पर्सन श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो।



**गण्डकी प्रदेश लोकसेवा वाट कोल्ड चेन सहायक पदमा सिफारिस भइ प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतमा मिति २०८३।०३।१०गते पदस्थापना हुनु भएका प्रसाद वि.क लाई हार्दिक स्वागत साथै सफल कार्यकालको शुभकमना व्यक्त गर्दछौं।**




## कार्यालय सहयोगीहरुको लागि सक्रमण रोकथाम र खोप ढुवानी सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम

मिति २०८३/०३/१० देखि १३ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा कार्यालय सहयोगीहरुको लागि संक्रमण रोकथाम र खोप ढुवानी सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय,पर्बतको तालिम हलमा कार्यालय प्रमुख बद्रीराज आचार्यज्युको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा ४९ जना कार्यालय सहयोगीहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्मा , परिवार नियोजन सुपरभाइजर निरिक्षक नारायण प्रसाद रेग्मी , पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पताल नर्सिङ निरिक्षक जमुना प्रटेल र प्रदेश अस्पताल कुश्माका अस्पताल नर्सिङ निरिक्षक सुनिता नेपालीले गर्नु भएको थियो।













## क्षयरोग तथा कुष्ठरोग कार्यक्रमको जिल्ला स्तरिय कोहर्ट बिश्लेषण तथा योजना तर्जुमा गोष्ठि

मिति २०८३/०३/१५ देखि १६ गते सम्म प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा क्षयरोग तथा कुष्ठरोग कार्यक्रमको जिल्ला स्तरिय कोहर्ट बिश्लेषण तथा योजना तर्जुमा गोष्ठि प्रदेश जनस्वास्थ्य कार्यालय,पर्बतको तालिम हलमा सम्पन्न भएको छ। पर्वत जिल्लाका सात वटै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख, क्षयकुष्ठ कार्यक्रमका फोकल पर्सन, क्षयरोग माईक्रोस्कोपी सेन्टरमा कार्यरत प्रयोगशालाकर्मी , प्रदेश अस्पतालका क्षयकुष्ठ कार्यक्रमका फोकल पर्सन र प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका फाँट प्रमुख तथा कर्मचारी गरी ३० जनाको सहभागितामा उक्त कार्यक्रम संचालन गरिएको थियो। मिति २०८३।०३।१५ गते क्षयरोगको कोहर्ट विश्लेषण तथा योजना तर्जुमा गरिएको थियो भने मिति २०८३।०३।१६ गते कुष्ठरोग कार्यक्रमको समिक्षा गरि कार्यक्रममा आईपरेका समस्या, सवल पक्ष ,चुनौति तथा भावि कार्योजनाको बारेमा घनिभुत रुपमा छलफल गरिएको थियो। २ दिन सम्म संचालन भएको कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री बद्रीराज आचार्य ज्यूले गर्नु भएको थियो भने कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो।





## पर्वत जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम

मिति २०८३-०३-१६ गते जिल्ला पुर्ण खोप समन्वय समिति पर्वतको आयोजनामा पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम जिल्ला पुर्ण खोप समन्वय समिति पर्वतका संयोजक श्री बिष्णुराम बि.क ज्यूको अध्यक्षतामा संचालन भएको थियो। उक्त कार्यक्रममा जिल्ला खोप समन्वय समितिका पदाधिकारीहरु, प्रमुख जिल्ला अधिकारी, गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अतिरिक्त प्रदेश सचिव खिम बहादुर खड्का ज्यू , ७ वटै स्थानीय तहका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू, पत्रकारहरु, जिल्ला स्थित विभिन्न कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधि,सदरमुकाम कुश्मा बजारमा रहेका विधालयका प्रधानाध्यापक तथा प्रतिनिधि, सरोकारवाला व्यक्ति तथा निकायको उपस्थतिमा कार्यक्रमको संचालन भएको थियो ।उक्त कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका खोप कार्यक्रम संयोजक श्री नारायण प्रसाद रेग्मीको गर्नु भएको थियो। हालसम्म प्राप्त प्रगतिहरूको समीक्षा गर्दै आगामी दिनहरूमा पनि कोही बच्चा नछुट्ने गरी खोप कार्यक्रम सञ्चालन गर्न सबै सरोकारवालाहरुले प्रतिबद्धता जनाउनु भएको छ। यस अवसरमा २०८३ साल असार १६ गतेका दिनसम्म जन्मे देखि १५ महिना सम्मका जम्मा १४३९ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार खोप सेवा लिई राखेको र १६ महिना देखि २३ महिना सम्मका ८९२ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार पुर्ण खोप लगाएको तथा घर धुरी सर्वेक्षणको क्रममा भेटिएका छुट १४ जना बालबालिकाहरुलाई पनि खोप सेवा प्रदान गरि पूर्णखोप पाएको सुनिश्चित गर्दै पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितताको दिगोपना भएको घोषणा गरिएको थियो। यस कार्यक्रमलाई सभ्य र भव्य बनाउन तथा पूर्णखोपको प्रक्रियामा महत्वपूर्ण योगदान पुर्याउनु हुने यस जिल्लामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा सम्पूर्ण शुभ चिन्तकहरुमा आभार व्यक्त गर्दछौं।



# मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

मिति २०८३ साल असार १०, ११, १२ र १८ गते प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा तथा कुश्मा नगरपालिका र फलेवास नगरपालिकाका स्वास्थ्य शाखा एवं सम्बन्धित स्वास्थ्य संस्थाहरूको समन्वय तथा सहयोगमा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम वडा तथा विद्यालयस्तरमा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम अन्तर्गत असार १० गते कुश्मा नगरपालिका वडा नं. १ (पाङ), असार १२ गते फलेवास नगरपालिका वडा नं. २ (थापाठाना) मा समुदायस्तरीय कार्यक्रम तथा असार ११ गते श्री नारायण माध्यमिक विद्यालय, असार १२ गते थापाठाना माध्यमिक विद्यालय र असार १८ गते श्री नमुना आवासीय माध्यमिक विद्यालयमा विद्यार्थीहरु लक्षित सचेतनामूलक कार्यक्रम संचालन गरिएको थियो।समुदायस्तरीय कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतका कार्यालय प्रमुख श्री बद्रीराज आचार्यले गर्नुभएको थियो भने सम्बन्धित वडा अध्यक्षहरू प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको सहजीकरण पर्वत अस्पतालका मे.अ. डा. सलिना पौडेल, जिल्ला प्रहरी कार्यालय,पर्वतका प्रहरी निरीक्षक दिनेश पौडेल, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.हे.न.नि. सुमन शर्मा तथा जनस्वास्थ्य अधिकृत सन्देश पोखरेलले गर्नुभएको थियो।कार्यक्रममा मानसिक स्वास्थ्यको महत्व, तनाव व्यवस्थापन, आत्महत्याका जोखिम संकेतहरूको पहिचान, मनोसामाजिक सहयोग तथा आत्महत्या रोकथामका उपायहरूबारे जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा वडा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।




















# चेतनामूलक सामग्रीहरु









## चेतनामूलक सामग्रीहरु







dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119


## विद्यालय स्वास्थ्य शिक्षा


प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत तथा जिल्लाका सम्पूर्ण स्थानीय तह र स्वास्थ्य संस्थाको सहकार्यमा संचालन भइरहेको "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" अभियान अन्तर्गत २०८३ असार महिनाको लागि २ विषय मध्ये पहिलो विषय डेंगु नियन्त्रण र मानसिक स्वास्थ्य सँग सम्बन्धित रहेर तयार गरिएको स्वास्थ्य शिक्षा सामाग्री









## महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको सम्मानजनक विदाई

पर्वत जिल्लामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरूको लागि सम्मानजनक विदाई सम्पन्न भएको छ। उमेरले ६० वर्ष पुग्नु भएका ६ जना र शारिरिक रुपमा असक्त भएका २ जना गरि ९ जना महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरूलाई सम्मान स्वरुप रु २० हजारको दरले रकम वैंक खातामा उपलब्ध गराई विदाई गरिएको थियो। यस बिदाई अवसरमा यहाँहरुले देखाउनुभएको साहस, धैर्य, मेहनत र मानवसेवा प्रतीको प्रतिबद्धतालाई हामी सधैं स्मरण गर्नेछौं। नेपालको स्वास्थ्य प्रणालीलाई बलियो बनाउन तपाईंहरूले जुन भूमिका निर्वाह गर्नुभयो, त्यसको लागि हामी हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं। आगामी दिनहरूमा शान्ति, स्वास्थ्य र सफलता रहोस् भन्ने कामना व्यक्त गर्दछौं।महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा रहि तपाईंहरुले समुदाय स्तरमा पुराउनु भएको योगदानको प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको तर्फबाट उच्च सम्मान गर्दछौं साथै सेवानिवृत्त जीवन सुखद रहोस् भनी सुभकामना पनि दिन चाहान्छौ।

| सि.न | नाम थर | स्थानिय तह | संस्थाको नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | मिठु आचार्य | कुश्मा नगरपालिका | आ.स्वा.से.के ०७ कुश्मा | ९८६७६१५३०५ |
| २ | माया देवी खत्री क्षेत्री | मोदि गाउँपालिका | देउपुर स्वास्थ्य चौकी | ९८१५१०६७७८ |
| ३ | मन कुमारी क्षेत्री | महाशिला गाउँपालिका | पाखापानी स्वास्थ्य चौकी | ९८०८४८०१७२ |
| ४ | कृष्ण कुमारी मल्ल | महाशिला गाउँपालिका | पाखापानी स्वास्थ्य चौकी | ९८२४१३३०६९ |
| ५ | राधिका देवी शर्मा | विहादी गाउँपालिका | रानिपानी स्वास्थ्य चौकी | ९८६७४१८२४८ |
| ६ | कौशिला कुमारी वि.क | विहादी गाउँपालिका | शालिग्राम स्वास्थ्य चौकी | ९८६९८६०१६० |
| ७ | फवा देवी भुसाल | विहादी गाउँपालिका | शालिग्राम स्वास्थ्य चौकी | ९८४८५७४९२८ |
| ८ | मिना देवी कामी | कुश्मा नगरपालिका | दुर्लुङ स्वास्थ्य चौकी | ९८०५२६४९२९ |
| ९ | भगवती मल्ल | महाशिला गाउँपालिका | महाशिला आधारभुत अस्पताल | ९८६७७२१०२४ |

## आर्थिक वर्ष २०८२/८३ सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णप्रति हार्दिक धन्यवाद

आर्थिक वर्ष २०८२/८३ अन्तर्गतका स्वास्थ्य कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन तथा सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, समन्वय र निरन्तर साथ दिनुहुने नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, सम्बन्धित विभाग तथा निकायहरू, जिल्लाका सम्पूर्ण स्थानीय तह, स्वास्थ्य शाखा, सम्पूर्ण समर्पित स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHVs), कार्यालय परिवार तथा सम्पूर्ण सरोकारवाला हरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यहाहरु सबैको अथक मेहनत, प्रतिबद्धता, समन्वय र प्रयासले आर्थिक वर्ष २०८२/८३ का कार्यक्रमहरू प्रभावकारी र सफलतापूर्वक सम्पन्न गर्न सम्भव भएको थियो। आगामी दिनहरूमा पनि यही सहकार्य, समर्पण र साझेदारी अझ सुदृढ हुँदै जाने अपेक्षा सहित हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछौं।



# पर्वत जिल्लाका स्थानीय तहद्वारा असार महिनामा सम्पादित कार्यक्रम

## कुश्मा नगरपालिका

- नियमित तथ्याङ्क गुणस्तर सुधारका लागि मासिक समीक्षा बैठक संचालन गरि हाल सम्म भएका डाटा मिस म्याच बारे छलफल।
- नर्सिङ कर्मचारीहरूका लागि ए.ए. सि तथा पि.एन. सि रिभ्यु मिटिङ तथा नया अपडेट बारे अभिमुखिकरण छलफल सम्पन्न।
- दुर्लुङ तथा खुर्कोट स्वास्थ्य चौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाका लागि होल साईट अभिमुखिकरण कार्यक्रम समपन्न ।
- डेगि रोगको अभिमुखिकरण ४ वटा वडामा समपन्न।
- सुत्केरी पौष्टिक आहार कार्यक्रम अन्तरगत १४ वटै वडाका सुत्केरी हरू लाई रकम वितरण कार्यक्रम समपन्न।
- नसर्ने रोगको मासिक स्कृनिङ १४ वटै वडामा स्कृनिङ तथा पाङ र खुर्कोटमा जेष्ठ नागरिकका लागि घरदैलो मा जाँच सेवा सम्पन्न।

## पैयुँ गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।
- उपाध्यक्षसंग सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत पोषण भत्ता वितरण गर्ने कार्यक्रम सम्पन्न।
- आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको विक्रि वितरणमा कडाई गर्ने ऐन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- विद्यालयमा अध्ययनरत २५०० जना विद्यार्थीहरूको दृष्टि परिक्षण दन्त परिक्षण, स्वास्थ्य परिक्षण तथा १३८०जनाको ब्लड ग्रुपिङ शिविर सम्पन्न ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरूको MSS कार्यक्रम सम्पन्न ।
- गर्भवतीसंग USG कार्यक्रम सम्पन्न।




## मोदी गाउँपालिका

- मिति २०८३ असार ११ गते स्वास्थ्य चौकी प्रमुख तथा स्वास्थ्य तथा जनसंख्या उपशाशाखामा कार्यरत स्वास्थ्यकर्मिहरुको मासिक बैठक सम्मन्न
- CBIMNCI कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम
- २०८३ असार महिनामा कुल ३ जना गर्भवती महिलाहरु ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमबाट लाभावान्वित भएका छन ।
- मोदी गाउँपालिका भित्र रहेका सम्पुर्ण स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा व्यबस्थापनका लागी आबश्यक सामाग्रिहरुको व्यबस्थापन गरिएको




मोदी गाउँपालिका र जिभाय नेपालको सहकार्यमा मोदी गाउपालिकामा रहेको राम्जा तिलाहार स्वास्थ्य चौकीमा प्रत्येक हप्ताको आइतबार र बाजुङ स्वास्थ्य चौकिमा प्रत्येक हप्ताको सोमबार डेन्टल हाइजेनीष्टद्वारा नियमित दन्त परिक्षण सेवा तथा बिभिन्न बिद्यालयहरुमा मासिक रुपमा दन्त शिबिर संन्चालन भइरहेको छ । हरेक ३/३ महिनामा बिधार्थिहरुलाइ ब्रस तथा दन्त मन्जन समेत बितरण गरि विद्यालय मुस्कान कार्यक्रम समेत संचालनमा रहेको छ । २०८३ असार महिनामा महिला २१ र पुरुष ४९ गरि ७० जनाले सेवा लिनुभएको छ ।

- सम्पुर्ण स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न

dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119

## महाशिला गाउँपालिका

- नियमित मासिक वैठक तथा डाटा भेरिफिकेशन
- ६ वटै वडामा ग्रामीण भिडियो एक्सरे सेवा कार्यक्रम सम्पन्न।
- अस्पताल/ स्वास्थ्य चौकीहरुलाइ मोबाइल सेट हस्तान्तरण।
- नियमित वातावरणीय सरफाइ कार्यक्रम निरन्तरता
- विद्यालय स्वास्थ्य शिक्षा निरन्तरता।
- महाशिला आधारभुत अस्पतालमा सिसि क्यामेरा जडान।
- महाशिला आधारभुत अस्पतालमा नसा तथा हाड जोर्नी/ बाल रोग सम्वन्धि स्वास्थ्य शिविर सम्पन्न।

## जलजला गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन तथा भ्यालीडेशन कार्यzoom meeting मार्फत सम्पन्न
- आत्महत्याका घटना उच्च रहेका वार्ड नं ७ र ४ मा मानसिक स्वास्थ्य प्रवद्र्धन तथा आत्माहत्या रोकथाम गर्न अन्तरक्रिया कार्यक्रम सम्पन्न
- किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाको लागि अवश्यक सामग्री खरिद
- औषधी र परिवार नियोजनका सामग्री खरिद

## फलेवास नगरपालिका

- नियमित तथ्यांकको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन तथा भ्यालीडेशन कार्य सम्नन्न भएको छ।
- फलेवास नगरपालिका अन्तर्गत सम्पूर्ण स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा पालिका स्तरिय क्षयरोग(DS/DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट बिश्लेषण गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।




## विहादी गाउँपालिका

१) स्वास्थ्य कार्यक्रमको नियमित मासिक प्रगति समिक्षा बैठक तथा डाटा भेरिफिकेशन गोष्ठी सम्पन्न।
२) सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत ७५ जना नियमित गर्भ जाँच तथा संस्थागत सुत्केरी भएका आमाहरूलाई पोषण प्रवर्धन खर्च वापत जनही ४००० हजारका दरले पोषण खर्च वितरण।
३) न्युनतम सेवा मापदण्ड (MSS ) कार्यक्रमको पालिका स्तरिय समिक्षा तथा योजना कार्य गोष्ठी सम्पन्न।
४) विहादी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न।
५) प्रदेश अस्पताल कुश्मा पर्वतको आयोजना तथा विहादी गाउँपालिकाको समन्वयमा बिहादी २ वराचौर स्वास्थ्य चौकीमा महिलाहरूको आङ खस्ने लगायत VIA Screening शिविर सम्पन्न,
६) ग्रामीण अल्ट्रासाउण्ड घुम्ती कार्यक्रम मार्फत गर्भवतीहरुको गर्भ परीक्षण।
७) विहादी १ बाच्छामा ३० वर्ष माथिका २५७ जना व्यक्तिलाई नसर्ने रोगको स्क्रिनिङ सम्पन्न।
८) कडा दीर्घरोग को नियमित उपचार गरिरहेका ३३ जना दीर्घ रोगीलाई विपन्न नागरिक औषधि उपचार खर्च भुक्तानी।

**प्रकाशित मिति: २०८३ साउन १**